# गोकुलगंगा गाउँपालिकाका अध्यक्ष श्री खड्ग बहादुर सुनुवारज्यूले नवौ गाउँसभा समक्ष प्रस्तुत गर्नुभएको आ. ब. ०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम

गोकुलगंगा गाउँपालिका

**गोकुलगंगा गाँउ कार्यपालिकाको कार्यालय**

रस्नालु , रामेछाप

बागमति प्रदेश, नेपाल

८ असार २०७८

**गाउँपालिका उपाध्यक्षज्यू,**

गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत लगायत उपस्थित सम्पूर्ण राष्ट्रसेवक कर्मचारी साथीहरु,

हामि निर्वाचित भएको चौथो बर्षको अन्त्यमा आयोजना गरिएको यस गरिमामय नवौ गाउँसभामा गाउँ कार्यपालिकाले स्वीकृत गरेको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले खुशिको महशुस गरेको छु । आज प्रस्तुत नीति तथा कार्यक्रमको लागि आ-आफ्नो तर्फबाट राय तथा सुझावहरु प्रस्तुत गर्नु हुने जननिर्वाचित प्रतिनिधिज्यूहरु, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, नागरिक समाजका अगुवाहरु, बिभिन्न संघ संस्थाका प्रतिनिधिज्यूहरु लगायत यो नीति तथा कार्यक्रमको तयारीमा सहयोग गर्नु हुने गोकुलगंगा गाउँपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

बिश्वव्यापि रुपमा फैलिएको कोभिड-१९ को संकटबाट गोकुलगंगा गाउँपालिका समेत जोखिम पुर्ण अबस्थामा रहेको छ । यो समयमा कोभिड-१९ लाई परास्त गर्न संघीय तथा प्रदेश सरकार, सबै सरोकारवाला संघसंस्था तथा निकायहरु संगको सहयोग, सहकार्य र समन्वयमा कोभिड-१९ संक्रमण नियन्त्रण, रोकथाम र उपचारको उचित व्यबस्था गरी गोकुलगंगा गाएपालिकाको आम नागरिकहरुको जीवन रक्षा गर्दै सम्पूर्ण गतिविधिहरुलाई निरन्तरता दिने कुरामा गोकुलगंगा गाउँपालिकाले कुनै कसर बाँकी राख्ने छैन भन्ने कुरामा म यहाँहरुलाई विश्वास दिलाउन चाहन्छु ।

**गाउँसभाका उपाध्यक्ष लगायत सदस्यज्यूहरु**

हाम्रो गाउँपालिका करिब ६०० मिटर उचाई देखि ५००० मिटर सम्म उचाईमा रहेको रामेछाप जिल्लाको उत्तरी भेगमा अबस्थित प्राकृतिक स्रोतले भरिपुर्ण एउटा सुन्दर गाउँपालिका हो । यस गाउँपालिकामा बिभिन्न उद्योग, जलविद्युत, धार्मिक पर्यटन प्रवर्द्धन, व्यबसायिक कृषिको लागि आबश्यक पर्ने सिंचाई योग्य खोलानाला, खेतियोग्य जमिन आदीको प्रचुर संभावना रहेको छ । यि माथि उल्लेखित स्रोत साधनहरुको समुचित प्रयोग गर्न सकेको अबस्थामा हाम्रो गाउँपालिका समृद्ध हुन धेरै लामो समय कुर्नु पर्ने अबस्था नरहेको कुरा म यो गरिमामय सभालाइ जानकारी गराउन चाहन्छु ।

धेरै लामो संघर्ष र बलिदानहरुको प्रतिफल स्वरुप तथा नेपालमा भएका बिभिन्न राजनीतिक आन्दोलको उपलब्धिको रुपमा हामिले नेपालको संबिधान २०७२ प्राप्त गर्न

सफल भएका छौ । नेपाल संघीय गणतन्त्रात्मक, बहुधार्मिक, बहुसांस्कृतिक, धर्मनिरपेक्ष राज्यको रुपमा परिभाषित भएको छ ।

नेपालको संविधान, २०७२ मा व्यवस्था भएबमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ । बिद्यमान संबिधानको व्यबस्था अनुरुप संघ, प्रदेश र स्थानीय तह गरी तिन तहको सरकारको अबधारणा अनुसार आ-आफ्नो तहमा तिनै तहका सरकारहरुले सोही सरकारको व्यबस्थापिकामा संबिधानले तोकेको समयमा आ-आफ्नो सरकारको बिधायकहरुको उपस्थितिमा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने र उक्त नीति तथा कार्यक्रम छलफल गरी पारित गराउने व्यबस्था गरिएको छ । आफ्नो तहको लागि आबश्यक पर्ने ऐन, कानुन आफै बनाउने र आफ्नो लागि आफैं शासन गर्ने लोकतन्त्रको मुल मर्मलाई कायम राख्ने अबसर स्थानीय सरकार आफैले पाएकोमा खुसीको अनुभव गरेको छु । हाम्रो देशलाई बर्तमान अबस्था सम्म ल्याइपुऱ्याउन प्राण उत्सर्ग गर्ने सम्पुर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र तथा संघीयता स्थापना गर्न महत्वपूर्ण भुमिका निर्वाह गर्नुहुने सम्पुर्ण व्यक्तिहरुलाई स्मरण गर्न चाहन्छु । नेपालको संबिधान २०७२ ले परिकल्पना गरे अनुरुप स्थानीय सरकार मार्फत गाउँ गाउँमा सिंहदरबार भन्ने मुल उद्देश्यको साथ जनताको सबै भन्दा नजिकको सरकारको रुपमा स्थापित हुदै गएको छ । उक्त मुल उद्देश्य प्राप्तीका लागि नेपाल सरकारले तय गरेको सुखि नेपाली समृद्ध नेपाल भन्ने राज्यको मुल नारालाई आत्मसात गरी सेवामुलक तथा उपलब्धिमुलक कार्यक्रमहरु निर्माण गरी समृद्ध नेपाल निर्माणको हाम्रो कार्यभारलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकार सम्पन्न बनाउन गरिएको प्रयास स्थानीय सरकारको लागि स्वागतयोग्य छ । वर्तमान नेपालको सम्बैधानिक प्रावधान अनुसार अधिकार र स्रोत साधन सम्पन्न स्थानीय तहको रुपमा गठन भएको रामेछाप जिल्लाको ८ ओटा स्थानीय सरकार मध्ये गोकुलगंगा गाउँपालिका एउटा सरकारको रुपमा स्थापित भएको छ । यसरी कानुनी रुपमा बैधानिकता प्राप्त यस गाउँपालिकालाई व्यवस्थापकीय, कार्यपालिकीय र न्यायिक अधिकारको प्रयोग गर्ने व्यवस्था छ । जनतामा विकासप्रतिको तीव्र चाहना, जनप्रतिनिधि मार्फत स्थानीय तहमा नै जवाफदेहिता, पारदर्शिता, उत्तरदायित्वको अभ्यास हुने, स्थानीय तहदेखि नै लोकतन्त्रको असली अभ्यास हुन थाल्नु ग्रामीण क्षेत्र विकासका नयाँ संकेतहरु हुन् भन्न सकिने अबस्था हामिले निर्माण गरेका छौ ।

संघ, प्रदेश र स्थानीय तहको सहकार्य, सहअस्तित्व र समन्वयको आधारमा गाउँपालिकाको बिकास गर्ने नीतिलाई अगाडी बढाईनेछ । गाउँपालिकाले प्रस्ताब गरेका गौरवका आयोजनाहरुलाई कार्यान्वय गर्न प्रदेश सरकार र संघिय सरकार संग समन्वय गरी कार्यान्वयनमा ल्याउने नीति लिईएको छ ।

नैतिकता, शिष्टाचार, सदाचार र सुविधा एवं आर्थिक हित कायम राख्ने तथा आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा सुशासन, पारदर्शिता तथा न्यायपूर्ण समाज स्थापनको लागि आबश्यक नीति निर्माण गरी कार्यान्वयनमा ल्याईने छ ।

**"नतिजामूखी प्रशासन समृद्धी र सुशासन"** भन्ने नारालाई स्थानीय तहमा कार्यान्वयन गर्न आवश्यक कर्मचारी पूर्ण रुपमा परिपूर्ति भई नसकेको अवस्थामा संविधान र स्थानीय सरकार संचालन ऐनको व्यबस्था अनुसार स्थानीय तहबाट प्रदान गर्नुपर्ने जनता संग प्रत्येक्ष सरोकार राख्ने दैनिक सेवालाई गाउँपालिकाले सहज र सरल रुपमा प्रदान गर्दै आएको छ । दैनिक काम काजहरुको लागि गाउँपालिकामा प्रविधि मैत्री व्यवस्थापन गरी सिसी क्यामरा समेत जडान गरी कार्यान्वयनमा ल्याईएको छ । कर्मचारीहरुको कला क्षमता बौद्धिकता तथा कार्यकुशलतालाई व्यवस्थित तथा उजागर गर्न विभिन्न कार्यक्रम बनाई कार्यन्वयनमा ल्याईनेछ ।

**सभ्य, सक्षम र समृद्ध** गाउँपालिका निमार्णका लागि गोकुलगंगा गाउँपालिकाले लिएका लक्ष्य र उद्देश्य पुरा गर्न गोकुलगंगा गाउँपालिकाले हरेक बर्ष कृषि, पर्यटन, पुर्वाधार विकास, हाम्रो स्थानीय तहले सम्पन्न गर्न नसक्ने तर अति आबश्यक र सम्भावना भई गाउँपालिकाले पहिचान गरेका राष्ट्रिय गौरवका आयोजनाहरु प्रदेश सरकार तथा संघीय सरकारसंग माग गरी निमार्णका लागी प्रयास गरिनेछ ।

गोकुलगंगा गाउँपालिकाले स्थापना कालदेखिनै आफुलाई बिकासको एक महत्वपूर्ण पक्षको रुपमा राखि विभिन्न प्रयासहरु गर्दै आईरहेको छ । गोकुलगंगा गाउँपालिकाले सभ्य, सक्षम र समृद्ध गाउँपालिका निर्माणको लागि ५ बर्षे लक्ष्य र उद्देश्य निर्माण गरी प्रथम गाउँसभाको बैठकबाट अनुमोदन पश्चात सोही लक्ष्य र उद्देश्यको जगमा रहेर आफ्नो नीति तथा कार्यक्रम र बजेट निर्माण गरी कार्यान्वयन गर्दै आईरहेको छ । यसको अतिरिक्त बिभिन्न ठुला आयोजना तथा कार्यक्रमहरुका लागि संघीय, प्रदेश सरकार, अर्न्तस्थानीय तह, बिभिन्न दातृ निकाय लगायतका निकायहरु संग समन्वय र सहकार्यमा काम गर्दै आई रहेको छ ।

गोकुलगंगा गाउँपालिकामा प्रयाप्त मात्रामा अबसरहरु रहेको भएता पनि केही चुनौतीहरु संगै जोडिएर आएका छन् । उक्त चुनौतीहरुको सामना गर्दै गोकुलगंगा

गाउँपालिकालाई समृद्ध बनाउनु पर्ने जिम्मेवारी तपाई हामि निर्वाचित जनप्रतिनिधिहरुको काँधमा रहेको छ । हामिले निर्माण गरेका आयोजन तथा कार्यक्रमहरु सञ्चालन गर्नको लागि हाम्रो माझमा उपलब्ध स्रोत साधनले मात्र सम्भव हुने अबस्था नरहेको तथ्यले स्पष्ट पारेको छ । भौगोलिक रुपमा केन्द्र र प्रदेशबाट अलि टाढा हुनु परेको कारण आज सम्म पनि गाउँपालिका सम्म पुग्ने मुख्य सडक कालो पत्रे गर्ने कार्य सम्पन्न हुन नसक्दा आयातित सामाग्री ढुवानीमा समस्या उत्पन्न हुन पुगी तोकिएको समयमा नै काम सम्पन्न गर्न कठिनाई हुने गरेको छ । त्यसैगरी खण्ड खण्ड गरेर हुने मौसमि बर्षातको कारण बालिनालिमा बिभिन्न खालको रोग किराको प्रकोप भई अन्नबाली उत्पादनमा एकरुपता कायम गर्न नसकिएको अबस्था छ । हामिलाइ प्राप्त हुने स्रोत साधनको तुलनामा नागरिकहरुको बिकास प्रतिको चाहना अधिक हुने कारणले नागरिकले भनेकै समयमा चाहे जस्तो सेवा सुविधा उपलब्ध गराउन चुनौती बनेको छ । बिभिन्न समयमा आईपर्ने रोग तथा बाढी पहिरो लगायतका बिपत्तिको कारण समय समयमा अन्य सबै कुरालाई थाँति राखेर बिपत्तिको सामना गर्नु पर्ने भएको छ ।

**सभाका उपाध्यक्ष तथा सदस्यज्यूहरु,**

नेपालको संबिधान २०७२ मा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, संबिधानको अनुसूची ८ मा उल्लेखित क्षेत्रहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार,  दिगो बिकासको लक्ष्य, राजनीतिक दलको घोषणापत्रहरु, माननिय अर्थ मन्त्रीज्यूले २०७८ जेष्ठ १५ गते प्रस्तुत गर्नु भएको आ.ब. ०७८/७९ को बजेट बक्तव्य, संघीय सरकारको १५ औ योजना, बागमति प्रदेश सरकारका माननिय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले २०७८ असार १ गते प्रस्तुत गर्नु भएको बजेट बक्तव्य, गाउँपालिका ५ बर्षे लक्ष्य र उद्देश्य तथा आबधिक योजना, गाउँपालिकाको मौलिक बिशेषता, गाउँपालिका बासीको आकाङ्क्षा राजनितिक दल तथा नागरिक समाजको सुझाब र बिद्यमान कानुनी व्यबस्थाहरुको आधारमा गोकुलगंगा गाउँपालिकाले स्थानिय कर लगाउने, शुल्क तथा राजश्वको दर निर्धारण गर्ने, वर्षभरी प्राप्त हुने राजश्वको अनुमान गर्ने, प्राप्त हुने अनुदान तथा अन्य स्रोतको प्रक्षेपण गर्ने, बजेट सीमा निर्धारण गर्ने, स्थानीय तहका गाउँगाउँ, बस्ती, टोल हुँदै वडा समिति र विषयगत समितिमा कार्यक्रम तथा योजनाहरुको वृहत छलफल पश्चात कार्यपालिकाले स्वीकृत गरी गाउँसभामा आज पेश हुन आएको गोकुलगंगा गाउँपालिकाको नवौं गाउँसभामा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले खुसिको अनुभुति गरेको छु । साथै हामि यो चरण सम्म आई पुग्दा हामिले बजेट कार्यान्वयन गर्दा हाँसिल गरेका अनुभब र सिकेको ज्ञानको समिश्रणको रुपमा आर्थिक बर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम तयार पारिएको छ ।

नेपाल सरकारले ल्याएको नीति “**समृद्ध नेपाल शुखी नेपाली**” भन्ने मूल नारालाई सार्थक तुल्याउन साथै नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा प्रतिवद्धता तथा राष्ट्रिय स्तरमा

अभिव्यक्त विभिन्न प्रतिबद्धतालाई समेत मध्येनजर गरी नीतिगत कुराहरुलाई कार्यान्वय गर्दै लगिनेछ । स्थानीय तहले रोजगार, स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, पुर्वाधार, उद्योग, खेलकुद, वन तथा वातावरण संरक्षणलाई प्राथमिकतामा राखि सोहि बमोजिम अगाडी बढाउनुका साथै निजी क्षेत्रसंग हातेमालो गरी प्रविधि मैत्री कार्यक्रमलाई अगाडी बढाउदै लाने नीति अबलम्बन गरेको छ ।

अब म गोकुलगंगा गाउँपालिकाले गत आर्थिक बर्ष २०७७/०७८ मा प्रस्ताव गरेको नीति तथा कार्यक्रम र बजेटको संक्षिप्त समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु । आ.ब. २०७७/०७८ मा गोकुलगंगा गाउँपालिकाको सातौं गाउँसभाले पारित गरेको नीति तथा कार्यक्रम र बजेट पूर्ण रुपले कार्यान्वयन भएको छ । यस अबसरमा कोरोना महामारीको पहिलो र दोस्रो लहरको सामना गर्नु पर्ने अबस्थाको सृजना भयो र हाल सम्म पनि यस महामारीबाट छुटकारा पाउन सकिएको छैन र यो तत्कालै समाधान हुने समस्या हो भन्न सकिने अबस्थामा छैनौ । त्यसैले आ.ब. ०७७/०७८ मा प्रस्ताव गरिएका कतिपय आयोजना तथा कार्यक्रमहरु सम्पन्न हुन नसकेको अबस्था छ । तर त्यस्ता आयोजना तथा कार्यक्रमहरुको संख्या ज्यादै न्यून रहेको छ ।

गोकुलगंगा गाउँपालिकाले विकासका चाहनालाई जनताको घर आँगनमा सहज र सरल तरिकाले पुऱ्याउन प्रयास गरिरहेको छ । चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा समाबेश भएका करिब ९० प्रतिशत आयोजना तथा कार्यक्रमहरु सम्पन्न भइसकेका छन् भने केही आयोजना तथा कार्यान्वयनको अन्तिम चरणमा रहेका छन् । चालु आ.व. २०७७/०७८ मा गाउँपालिकाको कार्यसञ्चालनको लागि आबश्यक पर्ने विभिन्न ऐन तथा कानुनहरु निर्माण गरिसकिएको छ । केही ऐन तथा कानुनहरु निमार्णको चरणमा रहेका छन् । गाउँपालिकाले आफ्नै प्रि-फ्याब भवन निमार्ण गरी व्यवस्थित कार्यालय सञ्चालन गरिसकेको छ । वडा तहमा पनि एउटै डिजाइनका ६ वटा वडा कार्यालय भवन निमार्णको काम सम्पन्न भई आगामी बर्षबाट वडा कार्यालयको लागि तिर्नु पर्ने भाडा वापतको रकम बचत हुने अबस्थामा पुगेका छौ । निर्माण सम्पन्न भएको वडा कार्यालयहरु सञ्चालनमा आउने क्रममा रहेको यो गाउँसभालाई सगौरब जानकारी गराँउछु । यस आर्थिक बर्षमा ९३ वटा सडक सोलिङ गर्ने काम र करिब १७०० धारा निर्माण गर्ने काम सम्पन्न हुने अबस्थामा रहेको छ ।

गाउँसभाले बिगतको बर्षमा पारित गरी कार्यन्वयनमा ल्याएका नागरिकहरुको आर्थिक बिकासमा टेवा पुग्ने अनुदानका कार्यक्रमहरु सबै सम्पन्न हुने चरणमा रहेका छन् । हामिले प्रस्ताब गरेका बिभिन्न क्षेत्रमा काम गर्ने गाउँपालिका बासीका आर्थिक बिकासका लागि प्रस्ताब गरेको अनुदान कार्यक्रमको प्रतिफल स्वरुप करिब ९ वटा सुविधा सम्पन्न होटलहरु निर्माण भई सेवा प्रारम्भ भएको छ । त्यसैगरी बेकरी, उद्योग, प्रेस कारखाना, बेतबाँस

उद्योग, होजियारी उद्योग, साबुन उद्योग, ससेज उद्योग, पाउरोटी उद्योग लगायतका उद्योगहरु स्थापना भई सञ्चालनमा रहेका छन् ।

आ.ब. ०७७/०७८ मा गोकुलगंगा गाउँपालिकालाई चालु खर्च सहित संघीय सर्शत अनुदान मार्फत हस्तान्तरण भई आएका १०७ वटा आयोजना तथा कार्यक्रमहरुमध्ये शिक्षा र महिला तथा बालबालिका क्षेत्रको केही कार्यक्रम बाहेक अन्य सबै प्रास्ताबित आयोजना तथा कार्यक्रमहरु सम्पन्न भई सकेका छन् ।

**सभाका उपाध्यक्ष तथा सदस्यज्यूहरु,**

गोकुलगंगा गाउँपालिकामा हामि निर्बाचित भएर आई सके पछिको ४ बर्षमा करिब २५०० घरहरुमा एक घर एक धारा कार्यक्रम मार्फत स्वच्छ र शुद्द पिउने पानी पुर्‍याई सकिएको छ भने आगामी आ.ब. ०७८/०७९ मा एक घर एक धारा कार्यक्रम अर्न्तगत स्रोत परिचालन गरी गाउँपालिकाका सबै घरधुरीहरुमा स्वच्छ, सफा र शुद्ध पानी पुर्‍याउने गरी कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

नेपालको कुल ग्राहस्थ उत्पादनको करिब एक तिहाई योगदान र रोजगारीको दुई तिहाई जनसंख्या कृषि क्षेत्रमा निर्भर रही जीविकोपार्जनको प्रमुख स्रोतको रुपमा रहेकोले गरिबी न्यूनीकरण र खाद्य सुरक्षाले अर्थतन्त्रमा ठूलो प्रभाव पारेको स्पष्ट देखिएता पनि कृषि उत्पादन र उत्पादकत्वमा अपेक्षित प्रतिफल प्राप्त गर्न नसकिएको अवस्था देखिएको छ । कृषि उत्पादन र उत्पादकत्वमा अपेक्षित वृद्धि हुन नसक्नुमा मनसुनको अनिश्चित्ता ,जलवायु परिवर्तन, प्र्याप्त सिंचाई पुर्वाधारको अभाव, बालिहरुमा रोग तथा किराको प्रकोप, स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउने संयन्त्र निर्माण भई नसकेको अबस्था, कृषिमा नयाँ प्रविधिको संभावनालाई किसानको तहबाट बिश्वासयोग्य बनाउन नसक्नु जस्ता सवालहरुलाई मुख्य समास्याको रुपमा पहिचान गरी सोही कुरालाई आधार बनाएर कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा, पुर्वाधार लगायतका क्षेत्रहरुमा धेरै भन्दा धेरै रोजगारी सृजना गर्ने खालका आयोजना तथा कार्यक्रमहरुलाई उच्च प्राथमिकतामा राख्नुका साथै गोकुलगंगा गाउँपालिकाले **"सभ्य, सक्षम र समृद्ध गाउँपालिका"** निमार्णका लागि लिएको १८ वटा पकेट सहितको लक्ष्य र उद्देश्य पुरा गर्ने गरी बिभिन्न कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गरिनेछ ।

कोभिड-१९ को संक्रमण कायम रहेकोले यसको संक्रमण नियन्त्रण र रोकथामलाई प्रमुख समस्याको रुपमा लिई यसलाई नियन्त्रण गर्ने र यसबाट हुन सक्ने क्षतिलाई कम गराउने गरी आयोजना तथा कार्यक्रमहरु प्रस्ताब गर्ने उद्देश्यका साथ आर्थिक बर्षको नीति तथा कार्यक्रम र बजेटमा स्वास्थ्य क्षेत्रलाइ सवल, सक्षम र पहुँचयोग्य वनाउने गरी कार्यक्रमहरु प्रस्ताब हुने र सोको कार्यन्वयन चुस्त र दुरुस्त बनाउने गरी संस्थागत व्यबस्था

गरी कार्यन्वयन हुने नीति लिईने कुरा म यस गरिमामय गाउँसभालाई सूचित गराउन चाहन्छु ।

गाउँपालिका अर्न्तगतका अस्पताल लगायतका स्वास्थ्य चौकीहरुमा आवश्यक पर्ने निशुल्क तथा श-शुल्क औषधी लगायत उपकरण र अनुभवि तथा दक्ष प्राविधिक व्यवस्था गरिनेछ । हाल ५ सैंया सञ्चालन भईरहेको गाउँपालिका अस्पताललाई नेपाल सरकारको पूर्ण लगानीमा स्तरोन्नती गरी १५ सैंयांको बनाउन यसै बष डि.पि.आर. को काम सम्पन्न गरी कार्यान्वयनमा ल्याउने गरी प्रकृया अगाडी बढाईने छ ।

गर्भवती तथा सुत्केरी आमा लाई स्वास्थ्य संस्थामा गएर सुरक्षित गर्भाधान गराउँदा पाउने सेवा सुविधालाई यथावत् राखि थप प्रोत्साहन दिने खालका कार्यक्रमहरु सञ्चालनको व्यवस्था मिलाईने छ । पाठेघरको क्यान्सर, पाठेघर खस्ने, मोतीविन्दु, दन्त सम्बन्धि रोगको उपचार गर्न शिविर सञ्चालन गर्ने नीति निर्माण गरी कार्यान्वयन गरिने छ ।

बागमति प्रदेश सरकारले लिएको एक बिद्यालय एक नर्सको अबधारणा अर्न्तगत यस गाउँपालिकाका विभिन्न विद्यालयहरुमा रहेका नर्सहरुलाई कोभिड-१९ संक्रमण नियन्त्रणको लागि गाउँपालिका अर्न्तगतको स्वास्थ्य संस्थाहरुमा खटाउने व्यबस्था मिलाईने छ ।

स्वास्थ्य र सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि गरी कोभिड-१९, HIV/AIDS, लागू पदार्थ दुर्व्यसनी नियन्त्रण र तिनको हेरचाहको लागि विभिन्न स्वास्थ्य संस्थाहरुको सहयोग, समन्वय र साझेदारीमा कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

जहाँका **"जनता स्वस्थ हुन्छन्, त्यस ठाउँको विकास छिटो हुन्छ"** भन्ने मान्यतालाई आत्मसात गर्दै स्वास्थ्य सेवा अभिवृद्धि गर्नेतर्फ आबश्यक बजेट व्यबस्था गरिनेछ ।

नेपाल सरकारको नागरिक स्वास्थ्य विमा कार्यक्रमलाई प्रबर्द्धन गर्ने सोचका साथ **म स्वस्थ मेरो गाउँपालिका स्वस्थ** जस्ता कार्यक्रमहरु निर्माण्मा गरी कार्यान्वयन गरिनेछ ।

गाउँपालिकालाई पुर्ण सरसफाईयुक्त बनाउनुका साथै बाल मृत्युदर तथा मातृमृत्युदर घटाउन अहम भुमिका निर्वाह गर्ने महिला स्वास्थ्य स्वयंसेवीकाहरुलाई परिचालन गर्न प्रोत्साहन गर्ने गरी कार्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याईने छ ।

देश बिकासका मुख्य संवाहक मानिएका युवा युवतीहरुको लागि युवा मैत्री शिक्षा, यौन तथा एच.आइ.भि.एड्स शिक्षा, सर्ने तथा नसर्ने रोगहरुको नियन्त्रणका लागि

प्रचारप्रसार लगायतका कार्यक्रमहरु सञ्चालन तथा स्वास्थ्य संस्थाबाट प्रदान गरिने २४ घण्टे प्रसुति सेवालाई थप व्यवस्थित बनाईनेछ ।

शैक्षिक क्षेत्र मुलुकका लागि दक्ष जनशक्ति उत्पादन गर्ने एक मात्र आधार रहेको र उक्त आधारलाई कोरोना भाईरस संक्रमणले जोखिम सृजना गरेकोले उक्त क्षेत्रको बिकास र प्रगतिको लागि शिक्षा प्रदान गर्ने बैकल्पिक माध्यम अपनाउनु पर्ने अनिकार्य अबस्थालाई ध्यानमा राखि आगामी आर्थिक बर्षबाट बैकल्पिक माध्यमबाट शिक्षा प्रदान गर्न सक्षम हुने गरी शैक्षिक जनशक्ति तथा स्रोत साधन सम्पन्न बिद्यालयहरु निर्माण गर्न आबश्यक बजेट व्यबस्स्था गरी तत्काल कार्यान्वयनको व्यबस्था मिलाउने नीति निर्माण गरी कार्यान्वयनमा ल्याईने छ ।

दिगो बिकासको लक्ष्यलाई आत्मसात गरी गरिबी बिहिन समाज, भोकमरीको अन्त्य, राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर, गुणस्तरिय शिक्षा, लैङ्गिक समानता, स्वस्थ्य पानी र सरसफाई, खर्चले धान्न सकिने उर्जा, मर्यादित काम र आर्थिक बृद्धि, उद्योग र पुर्वाधार, असमानतालाई घटाउने, सहर र समुदायको दिगोपना, उपभोग र उत्पादनमा जिम्मेवारी, जलवायू सम्बन्धी कार्य, जमीनमुनीको जीवन संरक्षण, भु-सतह संरक्षण, शान्ती न्याय र सुदिढ संस्थाहरु, लक्ष्य प्राप्तीका लागि साझेदारीलाई आधार स्तम्भको रुपमा लिई आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम बनाई उक्त नीति तथा कार्यक्रमले प्रस्ताब गरेको लक्ष्य तथा उद्देश्य पुर्ति गर्ने खालका आयोजना तथा कार्यक्रमहरु निर्माण गरी कार्यन्वयनमा ल्याईने छ ।

शिक्षा क्षेत्रलाई समय सापेक्ष बनाउन शिक्षा सुधार कार्यक्रमलाई निरन्तरका साथ अगाडी बढाउँदै लगिने छ । जस अनुरुप बैकल्पिक माध्यमबाट शिक्षण सिकाई गराउन आबश्यक पर्ने सुचना प्रविधि सम्बन्धी समाग्रीहरुको ब्यबस्था तथा फर्निचर, पुस्तकालय, कम्पाउण्ड, बगैचा, खेलमैदान, शुद्ध खानेपानी, शौचालय जस्ता अति आवश्यक पूर्वाधारहरुलाई प्राथमिकता दिई सबै बालबालिकाहरुलाई विद्याालयमा अनिवार्य भर्ना अभियान संचालन गरी गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि उचित वातावरण निमार्ण गरिनेछ ।

बालकक्षाको लागि व्यवस्थित वातावरण सृजना गरी आधारभुत तह कक्षा ५ देखि ८ को वार्षिक परिक्षा गाउँपालिका स्तरमा संचालन गरिनेछ । उक्त परिक्षामा उत्कृष्ट हुने विद्यार्थीहरुलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ । त्यसैगरी उत्कृष्ठ नतिजा ल्याउने १ (

एक) विद्यालयलाई प्रोत्साहनको व्यवस्था गरिनेछ । यस गाउँपालिका भित्रका सामुदायिक विद्यायलयबाट एस.इ.ई को परिक्षामा उत्कृष्ट स्थान हाँसिल गर्ने ५ जना (पाँच) विद्यार्थीलाई छात्रवृतिको व्यवस्था गरिने कार्यक्रमलाई निरन्तरता दिई, प्राविधिक विषय (सुचना प्रविधि, अमिन, होटल म्यानेजमेन्ट, नर्स, कृषि, पशु, वन, पर्यटन आदि) अध्ययनका लागि एक एक जनालाई मापदण्ड तयार गरी छात्रवृद्धिको व्यवस्था गरिनेछ ।

गोकुलगंगा गाउँपालिकाले तयार गरेको प्रोफाईलको तथ्याङ्कले औंल्याएको विद्यालय जानबाट वाहिर रहेका बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय जाने वातावरणको सृजना गर्ने कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्यईनेछ । त्यसैगरी विद्यालयलाई शान्ती क्षेत्र स्थापना गरी अपाङ्ग तथा वालमैत्री बिद्यालय बनाउने नीति बनाई सहभागितामुलक शैक्षिक प्रणालीलाई प्रोत्साहन गरिने कार्यक्रम संचालन गरिनेछ ।

विद्यालय क्षेत्र विकास कार्यक्रम **“सवैका लागि शिक्षा, जीवनपर्यन्त शिक्षा”** भन्ने भनाईलाई साकार तुल्याउन प्राविधिक तथा व्यवसायिक शिक्षा लगायतका कार्यक्रमहरुलाई अगाडि बढाइनेछ । वालवालिकाको लागि आउने दिवा खाजा कार्यक्रम, वालमैत्री स्थानीय शासन कार्यक्रम, वालमैत्री विद्यालय, खेल्दै सिक्दै लगायतका कार्यक्रमहरुलाई थप ब्यबस्थित, समयानुकुल र प्रभाबकारी बनाउदै लगिनेछ । विद्यालयको पुर्वाधार विकास तथा वैदेशिक अनुदानलाई गाउँपालिकामार्फत ल्याउने, शिक्षकको पेशागत हकहित तथा कामप्रतिको प्रतिवद्धतामा थप उर्जा प्रदान गरी यस क्षेत्रको साक्षरता दर बृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गरिनेछ ।

गाउँपालिका भित्रका शिक्षण सिकाईको क्रियाकलापलाई व्यबस्थित बनाउने उद्देश्यका साथ बिद्यार्थि संख्याको आधारमा शिक्षकको स्वीकृत दरबन्दी कम भएका बिद्यालयहरुलाई आबश्यक्ता एवं औचित्यताको आधारमा दरबन्दी स्वीकृत गरी शिक्षण सिकाई अनुदान प्रदान गर्न आबश्यक कानुन निर्माण गरी कार्यान्वयनमा ल्याईने छ ।

गोकुलगंगा गाउँपालिका भित्रको आर्थिक, सामाजिक, साँस्कृतिक अवस्थालाई सुधार गर्नको लागि शिक्षानै मुख्य आधार मानी शैक्षिब बिकासको लागि गरिनु पर्ने सुधार कार्यक्रमलाई सरोकारवाला पक्षहरु संग छलफल गरी शेक्षिक क्षेत्रमा तत्काल प्रतिफल दिने खालका नीति तथा कार्यक्रमहरु निर्माण गरी कार्यन्वयनमा ल्याईने छ । सरोकारवाला तथा शैक्षिक निकायहरु द्धारा शिक्षक तथा विद्यार्थीहरुको दैनिक शैक्षिक कृयाकलाप लगायतका विद्यालयको विविध पक्षको यथार्थ जानकारी लिन समय समयमा विभिन्न विद्यालयहरुको निरन्तर अनुगमन तथा मूल्यांकन गरी विद्यालयगत रुपमा अभिलेख राखी उचित दण्ड तथा पुरस्कार प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

आर्थिक समानता तथा सामाजिक न्याय सुनिश्चित गर्न, समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा शान्ती सुरक्षा प्रत्याभुत गर्न, समता मुलक समाजको स्थापना, दिगो बिकास लक्ष्य हाँसिल गर्नु हामी गोकुलगंगा गाउँबासीको चाहना हो । यस्तो अवस्थामा यस गाउँपालिकाले **सभ्य, सक्षम र समृद्ध गाउँपालिका** निमार्णको लागि ५ वर्षे लक्ष्य तथा उद्देश्य सहितको योजनालाई निरन्तरता दिइने छ ।

कृषि उत्पादन लाई जोड दिदैं कृषि सहकारी, कृषक समूह मार्फत बजार व्यवस्थापन गर्नको लागि कृषि उपज संकलन तथा विक्री वितरण केन्द्रको स्थापना गर्ने उद्देश्यका साथ कार्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याईने छ ।

पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर गाउँपालिका निर्माण गरी शुद्ध दुध, माछा, मासु र अण्डामा आत्मनिभरता सहित निर्यात गर्न सक्ने गाउँपालिका बनाउन आबश्यक पर्ने स्रोत साधन तथा नीतिको व्यबस्थापन गरी  पशुपंक्षी पालन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

**“शान्ती र समृद्धिमा युवा”** भन्ने नारालाई आत्मासात गर्दै कृषि, पर्यटन, पुर्वाधार विकास लगायतका कार्यक्रमहरुमा गाउँपालिकाको यूवा शक्तिलाई पूर्ण रुपमा परिचालित हुने र रोजगारी सृजना हुने वातावरण तयार गर्ने गरी आबश्यक कानुनी तथा अन्य ब्यबस्था मिलाईने छ ।

यस गाउँपालिकाको आर्थिक विकासको प्रमुख आधार पर्यटन बिकास पनि हो । त्यसैले ताँबेडाँडा, जट्टापोखरी, पाँचपोखरी तथा कृषिका परियोजनाहरुको पर्यटन हब निर्माण तथा स्थानीय कला, संस्कृति र भाषाको सम्बर्द्धन र संरक्षण गरी पर्यटन विकासको अबधारणालाई निरुन्तरता दिइने छ ।

आजको युग सूचना र सञ्चारको युग हो । सूचना र सञ्चार प्रविधिविना समृद्धिको परिकल्पना गर्न सकिँदैन । यसै तथ्यलाई मध्य नजर गर्दै गाउँपालिकाको कार्यालय तथा यस अन्तर्रगतका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सबै वडा कार्यालयहरुलाई सूचना र प्रविधि मैत्री बनाउदै सूचना प्रविधिको क्षेत्रमा सम्बन्धित निकायहरुसंग समन्वय गर्दै गाउँपालिकाले IT शिक्षकको व्यवस्था गरी कक्षा सञ्चालनको लागि आबश्यक बजेटको ब्यबस्था गरेको कार्यलाई निरन्तरता दिने तर सबै बिद्यालयहरुले अनिबार्य रुपमा सूचना प्रविधि बिषय अध्ययन गरेकै शिक्षक नियूक्ति गर्ने व्बस्था गर्ने र उनिहरुको शिक्षण सिकाईको लागि दिईने अनुदानमा कार्यविधिमा समाबेश गरी कार्यान्वयनमा लैजाने व्यबस्था मिलाईने छ ।

गोकुलगंगा गाउँपालिका अर्न्तगतका सरकारी कार्यालयका जिन्सी समान व्यवस्थापनका लागि स्टोर व्यवस्थापन सफ्टवेयर (Inventory Management Software) प्रणालीको कार्यन्वयन गर्ने ब्यबस्था मिलाईने छ ।

गाउँपालिका क्षेत्रमा बसोबास गर्ने दलित, अल्पसंख्यक, सिमान्तकृत, अपाङ्ग, महिला, बालबालिका लगायत लक्षित वर्गका नागरिकहरुका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु यसै आर्थिक बर्षबाट कार्यान्वयनमा ल्याउने ब्यबस्था मिलाईने छ । समाजमा महिलाको स्थान पुरुषभन्दा न्युन छ, उनीहरुलाई समाजको मुल प्रवाहमा ल्याउन, घरको निर्णय प्रक्रियामा महत्वपुर्ण भुमिका निर्वहा गर्ने वातावरण बनाउन र संविधान तथा कानुन बमोजिम पाउने हक अधिकारबारे जानकारी गराउने लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । अवको विकास अपाङ्गमैत्री, वालमैत्री, महिलामैत्री वनाउनेतर्फ केन्द्रित हुने खालका नीति अङ्गिकार गरिनेछ । फरक क्षमता भएका बालवालिकाको लागि विद्यालयमा छात्रवृत्ति दिने र उनीहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षा वापतको रकम पाए नपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ । दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ र त्यस्तो समुदायको विकासको लागि क्षमता अभिवृद्धि हुने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै आदिवासी जनजाति, लोपोन्मुख समुदाय तथा अल्पसंख्यकहरुलाई समेत विकासको मुलधारमा ल्याउन विभिन्न सिपमुलक तालिमहरुको प्रबन्धको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

संघीय सरकार मार्फत सञ्चालन हुने सामाजिक सुरक्षा कार्यक्रमबाट लाभन्वीत व्यक्तिहरुको विवरण अद्यावधिक गरिनेछ । यस कार्यक्रममा संलग्न लाभग्राहीहरुको विवरण अनलाइन प्रणलीमा अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षा वापतको रकम यथा सम्भब चाँडो प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

गोकुलगंगा गाउँपालिकाले **पवित्रता, सहिष्णुता, संरक्षण, सुशासन, कृषि र पर्यटन** भन्ने नारालाई मध्यनजर गर्दै यस क्षेत्रमा पाइने महत्वपुर्ण तथा बहुमुल्य जडिबुटीहरुको संकलन, प्रशोधन र बजारीकरणका लागि विभिन्न निकायहरुसँग सहकार्य र समन्वय गरी उचित व्यवस्था गर्ने तर्फ ध्यान केन्द्रित गर्नुका साथै यस क्षेत्रमा रहेका बिभिन्न खानीको खोज अनुसन्धान तथा उत्खननको लागि यथोचित प्रयास गरिनेछ । यस क्षेत्रमा पाईने लोपोन्मुख वन्यजन्तु रेडपान्डा, हिमचितुवा, बाघ, भालु, डाँफे, कस्तुरी, घोरल लगायतका वन्यजन्तुको संरक्षणको लागि आवश्यक पहल गरिनेछ ।

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको अवधारणा अनुरुपका बिभिन्न जातका खेतिहरु जस्तै; किवी, आलु, तरकारी, अलैची, चिया लगायतका उन्नतजातको विरुवामा दिईने अनुदानलाई निरन्तरता दिने नीति बनाई कार्यन्वयनमा ल्याइने छ ।

माटोको गुणस्तर परीक्षण गर्ने मिनिल्याब गोकुलगंगाउँपालिकाको कार्यालयमा यसै बर्षबाट स्थापना भई सञ्चालनमा आउने भएकोले आ.ब. २०७८/०७९ मा सबै वडामा माटो परिक्षण सिबिर सञ्चालन गरी किसानहरुलाई उनीहरुको बारीमा लगाउने खेतिको बारेमा जानकारी गराई सोही अनुसारको बालि सिफारिस गर्ने व्यबस्था मिलाइने छ।

गोकुलगंगा गाउँपालिकाको हरेक वडामा एक-एक वटा खेल मैदानको निर्माण गर्ने लक्ष्य अनुरुप सञ्चालन भईरहेको खेलमैदान निर्माणको कामलाई निरन्तरता दिदै आगामि दिनमा यस गाउँपालिकामा उच्च स्तरको खेलकुद संचालन गर्नको निमित्त एउटा आफ्नै मौलिकता झल्किने रङ्गशालाको स्थापना गर्नको निमित्त आवश्यक प्रकृयाको थालनी गरी **"राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद"** भन्ने मुल नारालाई साकार पार्न प्रत्येक वर्ष आयोजना गरिने **"गाउँपालिका अध्यक्ष कप"** प्रतियोगिता संचालनलाई निरन्तरता दिईने छ। साथै बिद्यार्थिहरुको खेलप्रतिको ईच्छा र अर्न्तबिद्यालय खेलकुदको तुलनात्मक परिक्षणको लागि आयोजना गरिने राष्ट्रपति रनिङ शिल्डको लागि नेपाल सरकारले पठाएको अनुदानमा थप रकम व्यबस्था गरी बिद्यालयलेनै खेल आयोजना सञ्चालन गर्ने व्यबस्था मिलाईने छ।

समय समयमा आउन सक्ने बिपत्तिको सामना गर्न नेपाल सरकार, प्रदेश सरकार स्थानीय तहले निर्माण गरेको विपद् प्रतिकार्य योजनाको कार्यान्वयनको लागि यस गाउँपालिकाले निर्माण गरेको विपद् व्यवस्थापन कोष, एम्बुलेन्स संचालन कोष, मर्मत सम्भार कोष लगाएत अन्य विभिन्न कोषहरुमा आबश्यक बजेट व्यबस्था गरी प्रतिकार्यको लागि तयारी अबस्थामा रहने तथा प्रतिकार्यसंग सम्बन्धीत कार्यहरु तत्काल गराउन आबश्यक व्यबस्था मिलाईने छ।

वातावरणलाई भावि पुस्ताले समेत उपयोग गर्न पाउने गरी संरक्षण गर्नको लागि जलवायु परिवर्तन अनुकुलनका कार्यक्रम र वन तथा वातावरणका कार्यक्रम सञ्चालन गरी भू-क्षय, बाढीपहिरो, आगलागी, भुकम्प आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृतिम विपत्तिबाट तुरुन्त राहत प्रदान गर्न नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, गाउँपालिका अस्पताल, नेपाल रेडक्रस लगायत सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य गरी तत्कालै प्राथमिक उपचार तथा राहत उपलब्ध गराउन तत्कालिन र दिर्घकालिन योजना बनाई कार्यान्वयनमा ल्याउने उद्देश्यका साथ गोकुलगंगा गाउँपालिकाले आपत्तकालिन केन्द्र स्थापना गरेको छ जसलाई थप व्यवस्थित बनाउँदै लागिने छ।

हाम्रो गाउँघरहरुमा स्थापना भई सञ्चालनमा रहेका महिला सहकारी लगायतका सहकारी संस्थाहरुलाई सक्षम र सुदृढ बनाउँदै आर्थिक, सामाजिक, साँस्कृतिक विकास तथा रोजगारी सृजनामा योगदान हुने गरी सहकारीको पूँजीलाई परिचालन गर्ने नीति निर्माण गरी कायान्वयनमा ल्याईने छ।

गाउँपालिका स्तरमा निर्माण भईरहेका तथा निर्माण हुने सडकको मापदण्ड तथा गुरु योजना निमार्ण गरी व्यवस्थित सडक निमार्ण कार्यलाई अगाडि बढाइनेछ । साथै बिगत बर्षहरुमा निर्माण कार्य शुरु गरिएका सडकहरुको स्तरोन्नतीको कामलाई निरन्तरता दिई बढी भन्दा बढी रोजगारीको अबसर सृजना गर्ने वातावरण तयार गरिनेछ ।

आन्तरिक तथा वाह्य पर्यटकलाई आर्कषित गर्ने सोचका साथ गाउँपालिकाका बिभिन्न स्थानममा निर्माण भएका सार्बजनिक शौचालयलाई प्रयोगमा ल्याउने वातावरण निर्माण गरिनुका साथै आबश्यक्ता अनुसार पिकनिक स्पोर्ट, हेलिप्याड, पार्क, भ्युटावर लगायतका पुर्वाधारहरुको बिकास गर्दै लाने लक्ष्यका साथ अगाडी बढ्ने नीति अबलम्बन गरिने छ ।

बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सामाजिक संघ, संस्था सरकारी निकाय, दातृ निकाय, प्राइभेट कम्पनी तथा व्यवसायमुलक संस्थासंग सहकार्य र समन्वय गरी सामाजिक विकासका कार्यक्रम संचालन गरी विपन्न, आर्थिक रुपले कमजोर पिछ्डिएको बर्ग, महिला दलित, अल्पसङ्ख्यक सामुदायको जिवनस्तरमा सुधार ल्याउने खालका कार्यक्रम सञ्चालन गरिनेछ ।

हाम्रो गाउँघरमा छरिएर रहेका घर तथा साना वस्तीहरु छन् जसले जनतामा सेवा सुविधा पुर्‍याउन असहज हुने भएकाले त्यस्तो वस्तीको संरचनालाई समयानुकुल परिवर्तन गर्न गुरुयोजना निमार्ण गरी नमुना एकिकृत बस्ती बिकास गर्ने सोचका साथ कार्यक्रम अगाडी बढाईने छ । सोही अबधारणा अनुरुप डि.पि.आ. तयार भई सकेको भिमसेनथान नमुना वस्ती विकासको कार्यलाई अगाडी बढाउन आबश्यक बजेट व्यबस्था गरी कार्यान्व्यनको प्रकृया अगाडी बढाईने छ ।

गाउँपालिका क्षेत्रको आर्थिक विकास र सम्वृद्धिका लागि निजी क्षेत्रहरुसंग समेत साझेदारी गर्दै अगाडी बढ्ने नीति लिइनेछ । निजी क्षेत्रलाई लगानी गर्न उचित वातावरणको सिर्जना गरिनेछ साथै सेवाप्रदायक संघ संस्थालाई समन्वयका साथ कार्यक्रम सन्चालन गर्ने वातावरण निर्माण गरिनेछ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि सुचिकृत बेरोजगार व्यक्तिहरुले १०० दिन बराबरको काम पाउने व्यबस्थालाई सुनिश्चित गरिनुका साथै प्रतिफल दिने गरी कार्य सञ्चालन गर्न गाउँपालिकाले समेत सामाग्री खरिद र ढुवानीको लागि आबश्यक पर्ने बजेट व्यबस्था गरी कार्यान्वयनका लागि बेरोजगार संग गाउँपालिका अध्यक्ष कार्यक्रम सञ्चालन गर्न आबश्यक बजेट तथा नीति निर्माण गरी कार्यान्वयन गरिनेछ । त्यसैगरी ग्रामिण क्षेत्रका जनतामा लुकेको अवस्थामा रहेको उद्यमशिलता सिप र क्षमतालाई उजागर गरी व्यक्तित्व विकासका लागि घरेलु तथा साना उद्योग व्यवसाय

संचालन गर्न सरिक गराउने र बेरोजगार रहेका युवालाई स्वरोजगार बनाइ आत्मनिभर बनाउन स्थानीय स्तरमा रोजगारीको अवसर सृजना गर्ने कार्यक्रम अगाडी बढाइनेछ ।

यस गाउँपालिकामा विकासका क्रियाकलापहरु संचालन गर्दा वातावरण तथा जलवायुमैत्री पुर्वाधारको विकासमा जोड दिइनेछ । साथै गाउँपालिकाले छुट्टै विपद् कोष खडा गरी उक्त कोष परिचालनको माध्यमबाट विपद् प्रतिकार्य सञ्चालनको व्यबस्था मिलाईने छ ।

सिञ्चीत तथा असिञ्चीत कृषि भूमिलाई घर घडेरीमा परिवर्तन गर्न नपाईने तथा जग्गाको खण्डीकरणलाई निरुत्साहित गर्ने नीतिलाई निरन्तरता दिइ गाउँपालिका क्षेत्रभित्र रहेका बाँझो जमिनलाई खेति योग्य जमिनको रुपमा बिकास गर्ने नीतिलाई कडाईका साथ कार्यन्वयन गरी बाँझो जमिन राख्ने चलनलाई निरुत्साहित गर्ने नीति अबलम्बन गरिने छ ।

**"स्वदेशमा नै रोजगारी गरौं वैदेशिक रोजगारीमा जाने नै भए सही सूचना लिएर र सीप सिकेर मात्र जाऔं"** भन्ने कार्यक्रमलाई निरन्तरता प्रदान गर्नुका साथै विदेशबाट सिप सिकेर फर्केका युवाहरुलाई उद्यम विकास गर्ने कार्यक्रम संचालन गर्ने नीति अबलम्बन गरिनेछ ।

हाम्रो समाजमा बिधमान रहेको सामाजिक विभेद, कुरीति, कुप्रथा तथा कुसंस्कार लाई हटाउँदै लैङ्गिक समानता, महिला सशक्तिकरण, लैङ्गिक मुलप्रवाहीकरण र महिला सहभागितामा वृद्धि गर्ने नितिलाई प्रोत्साहित गर्दै जिविकोपार्जनको लागि आय आर्जनको कार्यक्रम संचालन गरिनेछ ।

गाउँपालिका भित्रका गरिबीको रेखामुनी रहेका तथा न्यून आए भएका महिला, फरक क्षमता भएका व्यक्तिहरु, दलित, सिमान्तकृत, अल्पसंख्यक, पिछडीयको बर्गका नागरिकहरुको आर्थिक तथा सामाजिक बिकासको लागि आबश्यक कार्यक्रमहरु निर्माण गरी कार्यन्वयनमा ल्याईने छ ।

गाउँपालिका भित्र बसोबास गर्ने महिलाहरु चुलो चौकाको काममा मात्र सिमित हुने अबस्थाबाट बिस्तारै बाहिर निस्कन थालेको कुरालाई ध्यानमा राखी महिलाहरुको क्षमता बिकास गर्ने खालका आयोजना तथा कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गर्ने व्यबस्था मिलाईने छ । यसका साथै महिला तथा बालबालिकाहरुलाई प्रोत्साहन हुनेखालका कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गरिने छ ।

संघीयता कार्यान्वयन प्रश्चात गाउँपालिकाले न्यायिक निरुपनका कार्यहरु समेत गर्नु पर्ने भनी राज्यले निर्दिष्ट गरी जिम्मेवारी प्रदान गरेका न्यायिक निरुपनको क्षेत्रमा गरिने न्यायिक कार्यहरुलाई आम नागरिकले बिश्वास गर्ने बनाउनको निमित्त आबश्यक कानुनी तथा प्रशासनीक व्यबस्था गरी कार्यान्वयनमा ल्याईने छ । स्थानीय कानुनहरु निर्माणमा न्यायिक समितिको भुमिकालाई अझ प्रभाबकारी बनाईने छ ।

हाम्रो गाउँपालिकाको विकास र समृद्धिको लागि यस क्षेत्रमा प्रवेश गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थालाई समन्वय तथा सहकार्य गरी अगाडी बढ्ने निति बिकास गरिने छ । गैर सरकारी संघ संस्थाहरुले जनतालाई प्रत्येक्ष लाभ पुग्ने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

यस गोकुलगंगा गाउँपालिकाको सम्पूर्ण कृषकहरुलाई ताजा तरकारीमा आत्मानिर्भर गराउनको लागि गोकुलगंगा गाउँपालिकाले मौसमी तथा बेमौसमी तरकारीको बिउ शतप्रतिशत छुटमा दिने, आवश्यकता अनुसार सिँचाई कुलोहरुको निर्माण तथा मर्मत गरी कृषिजन्य जमिनहरुमा वर्षैभरि सिँचाईको सुविधा पुऱ्याउने नीति निर्माण गरी कार्यान्वयन गरिनेछ ।

कृषि विज्ञहरुको परामर्श सेवामा लिई माटो परिक्षण कार्यक्रम संचालन गरी माटो अनुकूलताको उत्पादन क्षेत्रको पहिचान गरी आधुनिक पद्धति अनुसार कृषि व्यवसाय गर्ने कृषक, कृषक समूह, कृषि सहकारी संस्था र कृषि कम्पनीहरुलाई आवश्यक तालिम प्रत्येक वडामा संचालन गर्ने व्यवस्था मिलाईने छ ।

गोकुलगंगा गाउँपालिका भित्र रहेको मकै, कोदो, आलु, गहुँको उन्नत बिउको स्तर उन्नती गरी सहकारी मार्फत विउ वितरण, व्यवसायिक तरिकाले फलफूल खेति गर्ने कृषक समूह, कृषि सहकारी संस्थालाई आवश्यक बिरुवा तालिम प्रदान गर्ने र फलफूल तथा तरकारी खेतीमा कृषकहरुलाई कृषिमा उत्प्रेरित गर्न महिला तथा युवा लक्षित कार्यक्रलाई विशेष जोड दिईनेछ । त्यसैगरी माथि उल्लेखित कार्यक्रमहरुमा “कोभिड १९” को कारण वैदेशिक रोजगारबाट फर्केर कृषि व्यवसाय गर्ने युवाहरुलाई विशेष प्रथमिकता दिईने गरी कार्य अगाडी बढाईने छ ।

गोकुलगंगा गाउँपालिकामा आलु, किवी, विशेष गरी उत्पादन हुने भएको हुँदा भण्डारण गर्नको यसको लागी प्रत्येक वडाहरुमा सहकारी मार्फत रष्टिक स्टोर र कोल्ड स्टोरको स्थापना र गोकुलगंगा गाउँपालिकाको हावा, घाम, पानी र तापक्रम मापनको लागी metrology station को स्थापना गर्न आबश्यक पहल थालिने छ ।

गोकुलगंगा गाउँपालिका पर्यटकीय सम्भावना भएको गाउँपालिकाको रुपमा कृषि र पर्यटन सँगै जोडिने भएको हुँदा गोकुलगंगा गाउँपालिकालाई कृषि पर्यटन प्रवर्द्धनमा बिशेष जोड दिने खालका आयोजना तथा कार्यक्रम निर्माण गरी कार्यन्वयन गर्ने व्यबस्था मिलाईने छ ।

घरेलु विषादि, कम्पोष्ट मल बनाउने कृषकहरुको क्षमता बिस्तार गरी प्रविधि सहितको किसान निर्माण पश्चात गोकुलगंगा गाउँपालिकालाई अर्गानिक क्षेत्र घोषित गराईनेछ रैथाने लोपोन्मुख वाली जौ, फापर, कोदो, उवा, चिनो, कागुनो र लट्टे वाली संरक्षण तथा प्रबर्द्धन, कृषिमा आधुनिक खेति प्रविधि, व्यवसायिकरण र यान्त्रीकरण गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीति अबलम्बन गरिनेछ ।

मौसमी तथा बेमौसमी तरकारी खेती उत्पादन अबको ५ वर्ष भित्र गोकुलगंगा गाउँपालिकालाई तरकारीमा आत्मनिर्भर, कृषि फर्म दर्ता गरि कृषि व्यबसाय संचालन गर्न ईच्छुक कृषक, कृषक समूह, कृषि सहकारी संस्था र कृषि कम्पनीहरुलाई ५०% देखि ९०% सम्मको अनुदानको व्यवस्था तथा गोकुलगंगा गाउँपालिका भित्र रहेका साना तथा मध्यम वर्गका कृषकहरुलाई मध्य नजर गर्दै प्रत्येक वडाहरुमा नमूना कृषि फर्म संचालन गरीने छ ।

यस गोकुलगंगा गाउँपालिकामा विषादि मुक्त क्षेत्र घोषणा गराउने भए तापनि विभिन्न समयमा महामारीको समस्या देखिएकोले विषादि प्रयोग नगरी व्यवस्थापन गर्न नसकिने भएको अवस्थामा विपद व्यवस्थापन संञ्चालन तथा गोकुलगंगा गाउँपालिकालाई सुन्दर तथा स्वच्छ हराबरा बनाउनको लागि विभिन्न आलङकारी (फूल) को बिरुवा वितरणमा जोड दिईने छ ।

स्थानिय प्रशासनलाई सुशासनका मुल्य मान्यता तथा सिद्धान्तहरुमा आधारित रही स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भष्टाचारमुक्त, जनउत्तरदायी, सहभागितामुलक र प्रविधि मैत्री बनाउदै लगिनेछ ।

गाँउपालिकाको कार्यालय, वडा कार्यालय र बिषयगत शाखाका कर्मचारीहरुमा सकरात्मक सोचका साथ सेवा प्रवाहमा प्रतिबद्धता, सेवा ग्राही प्रति उत्तरदायी तथा जवाफदेही बनाउन कर्मचारी आचारसंहिताको पूर्ण रुपमा पालना तथा कार्यन्वयन गरिनेछ ।

कर्मचारीहरुको क्षमता विकासको लागि समय सापक्षे विभिन्न सिपमुलक तालिम तथा सेवाकालिन तालिम संचालन गरिनेछ । गाउँपालिका भित्रका विभिन्न शाखाका शाखा प्रमुखहरु सँग कार्यसम्पादन करार गरी उत्कृष्ट काम गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने व्यबस्थालाई कार्यन्वयनमा ल्याईने छ ।

गाउँपालिकाको व्यबस्थित विकासको लागि बिभिन्न बिषयका विषय विज्ञ, अन्य आवश्यकता बमोजिमका जनशक्ति नियुक्ति तथा व्यबस्थापन गर्नको लागि आबश्यक नीति निर्माण गरी कार्यान्वयनमा ल्याईने छ ।

गाउँपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त, विश्वसनिय, क्षमतायुक्त र प्रभावकारी बनाउन अत्यावश्यक दरबन्दीहरु स्वीकृत गरी उपयुक्त प्रकृयाबाट पदपूर्ति गरिनेछ ।

**समृद्धिका लागी वन** भन्ने मूल नारा लाई आत्मसात गर्दै सामुदायिक वन, कवुलियत वन, नीजी वन क्षेत्रको संरक्षण तथा सम्वर्द्धन गर्न आवश्यक कार्यक्रमको व्यवस्था मिलाईने छ ।

यस गा.पा.को प्रभावित क्षेत्रभित्र रहेका लघु, मझौला तथा ठुला जलविधुत आयोजनाहरुले स्थानीय सरकारसंगको समन्वयमा काम गर्ने नीतिलाई प्रभाबकारी रुपमा कार्यन्वयन गरिनेछ । जलबिद्युत आयोजनाहरु संचालनमा स्थानीय सरकारले उचित वातावरण निमार्ण गर्नु आफ्नो मुख्य जिम्मेवारी ठानेको छ । उपरोक्त जिम्मेवारीलाई मध्यनजर गर्दै संचालनमा रहेका जलबिद्युत आयोजनाहरुले स्थानीय सरकारले लिएको लक्ष्यमा समाहित भई प्रभावित क्षेत्रभित्र पर्ने वातावरणीय प्रभाव, सामाजिक पुर्वाधार विकास जस्ता कार्यमा सहयोग प्राप्त हुने अपेक्षा गरेको छ ।

जल, जमिन, जंगल, गैरकाष्ठ वन पैदावार, जडिबुटी, फलफुल खेति, पशुपालनमा आधारित उद्योग (जटिबुटी प्रशोधन, अल्लो सिस्नु प्रशोधन, गैरकाष्ठ, बाँस-निगालोका सामग्री आदी) को लागि लघु उद्यम विकास कार्यक्रम संचालन मार्फत कार्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ ।

गाउँपालिकाले निर्माण गरेका बिभिन्न डि.पि.आर. अनुसारको आयोजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने गरी आबश्यक बजेट व्यबस्था गरिने छ ।

गोकुलगंगा गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको सेवालाई उच्च मुल्याङ्कन गरी गाउँपालिकाको आन्तरीक स्रोतबाट खर्च व्यहोर्ने गरी निरन्तरता दिने तथा गाउँपालिकाले साझेदारीमा तलब भत्ता ब्यबस्था गर्नुपर्ने सूचना प्रविधि अधिकृत, एक गाएँ एक प्राबिधिक र पञ्जिकरणमा कार्यरत कर्मचारीहरुको लागि आबश्यक पर्ने बजेट व्यबस्था गरिने छ । यसका साथै गाउँपालिकाको कृषिशाखाको काममा सहजिकरण गर्ने गरी स्थायि पदपुर्ति नहुन्जेल सम्मको लागि स्थानीय सेवाको छैठो/पाँचौ तहको प्राविधिक कर्मचारी वाउ गाउँपालिकाको सम्पत्ति संरक्षणको लागि हाल भएका नगर प्रहरीको संख्या अपुग हुने दखिएकोले हाल कायम रहेको सख्यालाई निरन्तरता दिई थप दरबन्दी स्वीकृत गरी कानुनले तोकेको उपयुक्त प्रकृयाबाट भर्ना गर्ने व्यबस्था मिलाईने छ ।

आदरणीय उपस्थित सम्पूर्ण महानुभावहरु, यस गाउँपालिकाको नवौ गाउँसभामा प्रस्तुत आ.ब. २०७८/०७९ को नीति तथा कार्यक्रममा उपस्थित हुनु हुने तथा गाउँसभाको तयारीको लागि आफ्नो अमुल्य सुझाव पेश गर्नु हुने सरोकारवालाहरु, जनसमुदायहरु, उपाध्यक्षज्यु, प्रमुख प्रशासकिय अधिकृतज्यु, विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु लगायत सम्पूर्ण सभाका सदस्यज्युहरु, कर्मचारी मित्रहरु, अतिथिज्यूहरु, पत्रकारज्यु, सुरक्षाकर्मी साथिहरु, सभाका सदस्यज्युहरु, गाउँपालिकाका कर्मचारी मित्रहरु, विभिन्न विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधि, दातृ निकाय, गै.स.स., नागरिक समाज, पत्रकार मित्रहरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । त्यसै

गरी सहभागितात्मक योजना तर्जुमाको प्रक्रियाको शुरुवात सँगै आजको यस सार्वजनिकीकरण समारोहलाई सफलता पूर्वक सम्पन्न गर्ने समयसम्म गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु तथा पदाधिकारीहरुले पुऱ्याएको योगदानका लागि उच्च मुल्यांकन गर्दै आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा आर्थिक बर्ष २०७८/०७९ मा रोजगार, स्वास्थ्य र शिक्षालाई बिशेष प्राथमिकतामा राखी कार्यान्वयन गर्ने गरी प्रस्तुत नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयनमा सबैबाट रचनात्मक सहयोग प्राप्त हुने अपेक्षा एवं विश्वास लिँदै आ.ब. २०७८/०७९ लाई रोजगारी र्सजना, नागरिकहरुको स्वास्थ्य सुरक्षा र बैकल्पिक माध्यमबाट शिक्षण सिकाई सञ्चालन गर्ने वर्षको रुपमा मनाउनका लागि यहाँहरुको सहयोग र सदभाबको अपेक्षाका साथ विदा हुन अनुमति चाहन्छु ।

**धन्यवाद ! जय गोकुलगंगा**